# भविष्यवाणी

-उज्ज्वल जी.सी.

राष्ट्रको वर्तमान दुर्दशाप्रति चिन्तित हुँदै आ-आफ्ना भनाइहरु प्रस्तुत गर्न स्वास्थ्य, शिक्षा, वेरोजगार, गरिबी, सत्य र भविष्यलगायत नाम गरेका व्यक्तिहरु एकै स्थानमा भेला भए ।

सर्वप्रथम स्वास्थ्यले आफ्नो विचार पोख्यो - "पौष्टिक तत्व नपाए पनि पहिला त रिष्टपुष्ट र निरोगी नै थियौं हामीहरु । ती दिनहरु कहाँ गए आज ? जनस्वास्थ्यका लागि विदेशबाट निकै अनुदानका भारीहरु भित्रिए पनि स्वास्थ्य सुविधा गाउँ-गाउँसम्म पुग्न सकेको छैन । शहरमा मात्र अस्पतालहरु बनेर के गर्ने ? हामी गाउँलेहरु एक पोको जीवनजलको अभावमा मृत्युलाई अँगाल्न वाध्य भएका छौं । "

सँगै बसेको गरिबीले बोल्यो -" हेर्नुस् न ! बाह्र-तेह्र वर्षअघिसम्म हामीसँगै हलो जोत्दै,घाँस-दाउरा बोकी हिंड्ने धुर्तप्रसादले नेता भएर सिंहदरवार छिरेपछि ५०/६० लाख पर्ने गाडी , ७०/८० लाख मूल्यका महल र १ करोडजति नगद जोडिसक्यो भन्छन् । तर हामी सधैं उस्ताका उस्तै । न एक छाक मीठो खान पाएका छौं , न एक भुत्रो लाउन पाएका छौं । पसिनाका धाराहरु बगाउने सुक्खा डाँडा-पाखाहरु यिनै हुन् क्यारे । फेरि यसमा रोपेको परिश्रम आफूले मात्र खान पाए वर्षौंदिनसम्म पेट त भरिन्थ्यो नै । यदि सबैको पेट भरिएको भए आज देश यस्तो हुन्थ्यो र ? " गरिबीको कुरा नटुङ्गिंदै शिक्षा बर्बराउन थाल्यो- "हामीले दुई अक्षर पढ्न सकेका भए धुर्तप्रसादजस्ताले नेता बन्न के पाउँथे र यो मुलुकमा ? 'लाटोको देशमा गाँडो तन्नेरी' भनेझैं कालो अक्षर भैंसीबरावर ठान्ने हामीहरुजस्ताका नेताले देशमा सबैलाई शिक्षित बनाउनुपर्छ भनेर के सोच्थयो ? गाउँमा विद्यालय भएर मात्र के गर्नु ? न पढाउने शिक्षकहरु राम्रा छन् , न विद्यार्थीहरुले कुनै भौतिक सुविधा नै पाएका छन् । शहरमा मात्र राम्रा-राम्रा कलेज र बोर्डिङ्ग स्कुलहरु भएर के गर्नु ? हाम्रा भुराहरुले पढ्न पाएका छैनन् । हुनेखानेका छोराछोरीहरु अझ विदेशमै गएर पढ्छन् रे ! राम्रो शिक्षा सबै नेपालीले पाएका भए आज देश कस्तो हुन्थ्यो होला ? ल भनौं त साथीहरु । " सबैजना अमुक भए ।

अनि बेरोजगारले आफ्नो यथार्थ खोल्यो - " पढेअनुसारको जागिर सरकारले दिन सकेको भए हाम्रा प्रमाणपत्रहरु बाकसमा थन्काएर राख्न किन पर्थ्यो ? धुर्तप्रसादलाई हामीले जिताएर पठायौं तर जागिर भने उसले आफ्नै साला-जेठान ,भान्जा-भान्जीहरुलाई खुवायो । देशमा सबैले जागिर पाउने हो भने विदेशमा गएर पौरख किन खर्चिनुपर्थ्यो र ? देशप्रति वितृष्णा कहाँ हुन्थ्यो र ?" भन्दै । त्यसपछि पालो आयो यातायातको । उसले भन्यो - " ह्राम्रो देश भौगोलिकरुपमा विकट भए पनि प्राकृतिक दृष्टिकोणले अति सुन्दर छ । गाडीहरु गाउँ-गाउँमा पुगेका भए त्यहाँका वस्तुहरु हाँसी-हाँसी शहर बजार आइपुग्थे । जुम्ला,डोल्पा,मुगु,हुम्ला,मुस्ताङ आदिका स्याउ र जडिबुटीहरु शहर छिरेर पैसाको डोको गाउँतिर फर्कन्थ्यो । हवाई सुविधा भए पनि त्यसको उपभोग जो कुनै गाउँलेहरुले गर्न सकेका छैनन् क्यारे ! दुर्गम ठाउँका धेरै बासिन्दाहरु बिरामी परे भने अस्पतालको मुख नदेखी किन मर्छन् ? देशका सबै भागमा सवारी पुग्ने हो भने यो देश स्वीट्जरल्याण्डभन्दा कम हुन्थेन । तर के गर्ने ? 'आकाशको फल,आँखा तरी मर' भनेजस्तो लाग्न सक्छन् मेरा कुराहरु । कि हैन ए साथीहरु ? "

'भएको कुरालाई हैन कसरी भन्नु ?' भन्दै सबैले सहमतिका ताली बजाए ।

यत्तिकैमा प्रजातन्त्र नाउँ गरेको व्यक्ति टुप्लुक्क आइपुग्यो । सबैले सम्मानपूर्वक राखे उनलाई । देशका बारेमा दुई शब्द बोल्ने आग्रह स्वीकार्दै उसले भन्यो - " म के बोलूँ खै साथीहरु ? तपाईहरुकै लागि म पहिला पनि आएको हूँ यो देशमा । आखिर बाध्य भई जानुप-यो । र, दोश्रो चोटि आएको पनि झण्डै तेह्र वर्ष पूरा भइसक्यो । यहाँका नेताहरुले मलाई चिन्न,बुझ्न सकेनन् । सत्तामा पुग्न 'तँछाड मछाड' गर्दा म अचेल अति दुर्बल बनेको छु । कसलाई सुनाउने मेरो व्यथा ? एउटै पार्टीभित्र यहाँ एकले अर्कालाई सिध्याउने षड्यन्त्र चल्छ । कुर्सीमा पुगेपछि नेताहरुले आफ्ना अतीत मात्र होइन, दुःखी जनताप्रतिका जिम्मेवारीसमेत बिर्सन्छन् । कसै-कसैले भन्छन् - " म आएपछि देश झन् बिग्रियो रे ! थाहा छ तपाईहरुलाई ? आ-आफ्नो अनुशासनमा पार्टीहरु बस्नेहुन् भने म स्वतः बलियो हुन्छु । संसारमा कसैले पनि मलाई मार्न सक्तैन । अनि मजस्तै हुन्छन् जनताहरु पनि । "

'त्यो त हो बा...!.' भने सबले ।

यसपछि भविष्यले बोल्न के खोज्दै थियो,सत्यले तपाई पछि बोल्नुस् भन्दै आफ्ना मनका कुराहरु निर्भिकताका साथ ओकल्न थाल्यो -"तपाईहरु सबैले देशको बारे आ-आफ्ना धारणाहरु राख्नुभयो । कसैको तर्क बेठीक भन्ने ठाउँ म देख्दिनँ । बुद्ध जन्मेको देशमा आज हिंसा र आतङ्क मच्चिएकोले समपूर्ण नागरिकहरु चिन्तित छन् । तर यसको जिम्मेवार को त ? मलाई लाग्छ नेता र शोषकहरुका :

- भ्रष्टाचारी क्रियाकलाप
- अहम्
-गैरजिम्मेवारीपन
-पक्षपातपूर्ण व्यवहार
-दुराचार आदि... आदि ।

हेर्नुस् त ! गाउँमा एउटा साहुले कति जनालाई 'हली' बनाएर राखेको छ । तराईमा जमिन्दारले कतिलाई 'हरुवा' बनाएर राखेको छ । ती निरीह 'हरुवा','हली'का छोरा-बुहारी साहु र जमिन्दारका पेवा बनेका छन् । हली र हरुवाहरुको मीठो खाने मुख हुँदैन, राम्रो लगाउने शरीर हुँदैन र बोल्ने कुनै अधिकार हुँदैन भन्ने मानसिकता छ उनीहरुमा । के यी कुराहरु ठीक हुन् ? हैनन्

अवश्य पनि । यहाँका जनता धुर्तप्रसादजस्तो फटाहा,असक्षम,कुनै नैतिकता नभएको व्यक्तिलाई मत दिएर जिताउँछन् । नेताका चुनावी नाराहरु र त्यसप्रतिका प्रतिबद्धताले सोझाहरुको मन पग्लिन्छ शायद । तर जितेर गएपछि आफ्ना जिम्मेवारीहरु सबै बिर्सन्छ नेताले । मुसाबाट सिंहको ठाँट देखाउन कहिलेकाहीँ आफ्ना चम्चाहरुलाई लिएर गाउँ पुग्छ । ३०/४० हजारको भोज भतेर खुवाउँछ,मतदाताहरुका 'नमस्कार' खान्छ र फर्किन्छ । चुनावका बेला फेरि जान्छ । मतदाताहरुलाई नमस्कार गर्छ, बिभिन्न प्रलोभनहरु देखाउँछ, आवश्यक परे एक मतको लागि दुई ,चार सय तिर्छ । जनता त्यतिबेला उसका पूर्वचरित्रहरु सबै बिर्सन्छन् । र, कोही बेच्छन् पैसामा आफ्ना अमूल्य मतहरु - एक छाक मीठो खाने लोभमा । नेता- शिक्षित, नैतिकवान, इमानदार, अनुभवी र त्यागी हुनुपर्छ भन्ने बिर्सन्छन् उनीहरु । अब आफै सोच्नुस् साथीहरु ! वर्तमान स्थितिमा देश कसरी, किन पुग्यो भनेर । "

सत्यको कुरा सुनेर उपस्थित सबैजना किंकर्तव्यविमूढ बने ।

अन्त्यमा भविष्यले अन्कनाउँदै भन्यो - " सत्यले जे बोल्यो, त्यसप्रति तपाईहरु सबैजना चनाखो हुनैपर्छ । सबै मिलेर एकअर्काले भोगिरहेका समस्या र अभावका ढिस्काहरु सम्याउन सक्नुपर्छ । समय ज्यादै छोटो छ । यदि अल्छी गर्नुभयो भने भोलि तपाईहरुले आफ्नो देश खोज्नुपर्ने हुन्छ । यो मेरो वाणी हो अर्थात् भविष्यवाणी । "

सबैका यथार्थपूर्ण तर्कहरु सकिएपछि 'राष्ट्र जोगाउने जिम्मेवार व्यक्ति कहाँ,कसरी खोज्ने त ?' भन्ने एउटा प्रश्न जन्मियो । त्यसैले अर्को दिन पुःन विचार प्रस्तुत गर्ने अठोट बोक्दै आ-आफ्ना गन्तव्यतिर लागे उनीहरु ।